# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ मंसिर ७ गते

## आयोगद्वारा विविध विषयमा सरकारलाई सिफारिश

राष्ट्रिय मानव अधिकार आयोगको आज बसेको बैठकले आप्रवासी कामदारहरूको हक-हित संरक्षण र सम्वद्धर्नका सन्दर्भमा बनेको 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९०' मा हस्ताक्षर गरी अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिश गरेको छ ।

यसैगरी बैठकले 'मानव अधिकार रक्षकहरूससम्बन्धी मार्गनिर्देशिका, २०६९' लाई पनि पारित गरेको छ । आयोगद्वारा २०६९ साल असोज २२ र २३ गते ललितपुरमा आयोजना गरेको मानव अधिकार रक्षकहरुको राष्ट्रिय सम्मेलनबाट पारित प्रस्ताव र 'मानव अधिकार रक्षकहरूसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, १९९८' को मर्मलाई समेत मार्गनिर्देशिकामा समेटिएको छ ।

यसैगरी बैठकले मानव अधिकार रक्षक र नागरिक समाजसँगको सहकार्यलाई सबल र संस्थागत गर्ने उद्देश्यले तयार पारिएको 'मानव अधिकार सहकार्य र समन्वय सम्बन्धी निर्देशिका, २०६९' लाई पनि पारित गरी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गरेको छ ।

..............
(विशाल खनाल)
सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org